जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक २४१ २०८१ साल बैशाख १९ गते बुधबार (1 May 2024 Wednesday) मूल्य रु. ५/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : लगानी सम्मेलन र लगानी... ३ पृष्ठमा : बाल पोषण भत्ता र दिवा खाजा... ३ पृष्ठमा : कोलम्बिया सेनाको हेलिकप्टर..

# चिम्टीमा भिषण आगलागि, करिब दुई सय घर खरानी





**दैनिक समाचारदाता**
**राजविराज, १८ बैशाख ।**

सप्तरीको महादेवा गाउँपालिका वडा नं. १ चिम्टीमा मंगलबार दिउँसो भिषण आगलागि भएको छ। दिउँसो करिब ३ बजेतिर हावाहुरी चलेको बेला भएको उक्त भिषण आगलागिमा करिब २ सय घर जलेर खरानी भएको छ।

गाउँपालिकाका अध्यक्ष सुनिल कुमार मण्डलका अनुसार आगलागिले मुसहरी र यादव टोलमा क्षति भएको छ। समयमा नियन्त्रणको उपाय हुन नसक्दा ६७ परिवारको २ सय घर खरानी भएको उनको भनाई छ।

स्थानीय शत्रुघन यादवको गाइगोठमा राखेको परालको थुप्रोबाट सल्किएको आगोले २ सय घर जलेको अध्यक्ष मण्डलले जानकारी दिए।

आगलागिमा शत्रुघन यादवका साथै छिमेकी गणेशी यादव, उपेन्द्र यादव, कौशल्यादेवी यादव, रामदेव यादव, सुकदेव यादव, नथुनी यादव, सचेन्द्र यादव, रन्जित यादव, सुभाष यादव, गोपाल यादव, रामदेव सदालगायत ६७ परिवारको घर नष्ट भएका छन् भने दुई करोड भन्दा बढीको धनमाल जलेको छ।

आगलगीमा परेका केही टिनका छाना भएका तथा फुँस र काठबाट बनेका घरहरु छन्। आगलागि पीडितहरु अहिले पाल लगाएर नजिकैको खेतमा बसेका छन्।

आगो नियन्त्रणमा लिन कञ्चनरुप नगरपालिका, हनुमाननगर कंकालिनी, शम्भुनाथ नगरपालिकाको वारुण यन्त्रका साथै प्रहरी, स्थानीयवासी, सेना समेत खटेको स्थानीयले जानकारी दिएका छन्।

आगलगीमा २ दर्जन चौपाया, ट्र्याक्टर, थ्रेसर समेत जलेको प्रहरीले जानकारी दिएको छ। आगलगीमा २ करोड भन्दा बढीको क्षति भएको प्रारम्भिक अनुमान गरिए पनि चार घण्टाको प्रयासले समेत आगलागि पूर्ण नियन्त्रणमा नआइसकेका कारण आगो निभाउने प्रयास साँझ ६:३० बजेसम्म पनि जारि रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका एसपी गजुसिद्धि बज्राचार्यले बताए। आगलागि पूर्ण नियन्त्रणमा आइसकेपछि क्षतिको विवरण संकलन गरिने उनले जानकारी दिएका छन्।

यसअघि सप्तरीको कंचनरुप नगरपालिका ५ पडेरामामा बैशाख ९ गते आगलागि हुंदा २४ घर जलेर नष्ट भएको थियो।

# श्री ठाकुर बाबा दह, लोहजारा घोषणा पत्र जारि

**दैनिक समाचारदाता**
**राजविराज, १८ बैशाख ।**

नेपाल पत्रकार महासंघ शाखा सप्तरीको बैशाख १६ गते सम्पन्न जिल्ला अधिवेशनले पाँच बुँदे घोषण पत्र जारि गरेको छ।

श्री ठाकुरबाबा दह, लोहजारा तिरहुत गाउँपालिका ५ मा भएको जिल्ला अधिवेशनले सो पाँच बुँदे समसामायिक "श्री ठाकुर बाबा दह, लोहजारा" घोषणा पत्र जारी गरिएको हो।

महासंघका सचिव रामनारायण विश्वासद्वारा जारि विज्ञप्तिमा पत्रकारहरुको भौतिक र पेशागत सुरक्षाका लागि गम्भीर बन्न सरकार र नियमनकारी निकायहरुलाई अधिवेशनले आग्रह गर्नुका साथै पेशाबाट पलायन हुने अवस्थालाई रोक्न र स्वरोजगारमूलक पत्रिकालाई संरक्षण गर्न तीनै तहका सरकारससँग माग गरेको छ।

यस्तै सरकारले दिदैं आएको लोककल्याणकारी बिज्ञापनको दररेट वृद्धि गरी कायम गर्न माग गर्दै अधिवेशन प्रदेश सरकारको आमसञ्चार प्राधिकरण र मिडिया काउन्सिललाई सक्षम र सबल बनाई पत्रकारिता विकासका लागि आवश्यक बजेट विनियोजन गर्न माग गरेका छ।

ऐतिहासिक, धार्मिक र पुरातात्विक सम्पदाको रुपमा रहेको तिरहुत गाउँपालिका स्थित बनसखण्डी बाबा र ठाकुर बाबा दह रहेको स्थानको सर्वाङ्गिण विकासका लागि सरोकारबाला निकायहरुसँग जोड्दार माग गर्दै प्रसिद्ध स्थलहरुसम्म पुग्न सडक निर्माण सँगै अन्य पूर्वाधार विकासका लागि ध्यानाकर्षण गराइएको छ। साथै बनसखण्डी बाबा र ठाकुर बाबा दहको प्रचार-प्रसारमा आवश्यक सक्रियता देखाउन सम्पूर्ण सञ्चारकर्मीलाई आग्रह गरिएको छ।

घोषणा पत्रमा नेपाल पत्रकार महासंघ, शाखा सप्तरीको एघारौं अधिवेशन भव्यताका साथ सम्पन्न गर्न आर्थिक, भौतिक, प्रत्यक्ष र परोक्ष सहयोग गर्नुहुने सबैमा धन्यवाद ज्ञापन गर्दै एघारौं अधिवेशन सभा सौहार्दपूर्ण वातावरणमा सम्पन्न गर्न सहयोग गर्ने केन्द्रीय प्रतिनिधि, प्रदेश प्रतिनिधि र सम्पूर्ण सभासदलाई शाखा सप्तरी हार्दिक धन्यवाद ज्ञापन गरिएको छ।

# काठमाडौंमा बढ्दो वायु प्रदूषण

काठमाडौँ, १८ वैशाख (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले काठमाडौंमा वायु प्रदूषण बढेकाले मास्क लगाउन आग्रह गरेको छ। मन्त्रालयले काठमाडौँको वायु विश्वकै अस्वस्थकरको सूचीमा अग्रस्थानमा रहेको उल्लेख गर्दै वायु प्रदूषणबाट जोगिन अनिवार्य मास्क लगाउन आग्रह गरेको हो।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले काठमाडौंमा वायु प्रदूषणक अत्यधिक रहेकाले सकेसम्म घर बाहिर अनावश्यक ननिस्कन, यात्रा नगर्न र अत्यधिक प्रदूषित क्षेत्रबाट टाढा रहन अनुरोध गर्नुभयो। विश्वभरिको वायुप्रदूषणको अवस्था मापन गर्ने 'वर्ल्ड एयर क्वालिटी इन्डेक्स-र्‍याकिङ्ग' अनुसार काठमाडौँको वायु विश्वकै अस्वस्थकरको सूचीमा अग्रस्थानमा छ।

"वायु प्रदूषणले मुटु तथा रक्तनली, फोक्सो, मस्तिष्क, आँखा, नाक, कान, घाँटी आदिमा असर

*बाँकी तीन पृष्ठमा*

चट्याङको समयमा सतर्क रहौं।

चट्याङबाट बच्ने उपाय:

- बिजुली चम्केको बेला सतर्क रहने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### आगलागिका घटनाबाट बच्न सतर्कता अपनाऔं

अहिले मुलुकभर आगलागिका घटनाहरु बढ्दै गइरहेको छ । सुख्खायाम र हावाहुरी चल्ने हुनाले आगलागिका घटनाबाट जोगिन निकै अफ्ठ्यारो भइरहेको छ । यस्ता घटनाबाट बच्न स्थानीयहरु आफै सजग र सतर्कता अपनाउनु आवश्यक छ ।

प्राय ग्रामिण भेगमा आगलागिका घटना हुने गरेको छ । त्यस्ता घटनाहरुबाट जोगिन हावाहुरीको समयमा विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाउनु पर्छ । खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसाल्नुपर्छ, दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौ, घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौंलगायतका सचेतना अपनाउनु पर्छ । त्यस्तै सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं, घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं, गुहाली (गाईगोठ) मा घुर बाल्दा सावधानी अपनाऔं, घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ । गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।

यस्ता सचेतनाका उपायहरु अपनाउनु सके पक्कै पनि आगलागिका घटनामा नियन्त्रण पाउन सक्छौं । तसर्थ आगलागीका घटनाहरु न्युनिकरणका लागि सबैले यस सम्बन्धमा जनचेतना फैलाउनु पनि उत्तिकै आवश्यक छ । यसकालागि स्थानीय तहहरुको बढी जिम्मेवारी हुनाले यी कार्यमा आजैदेखी तदारुकता देखाउनु आवश्यक छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# लगानी सम्मेलन र लगानी वातावरण निर्माण

**गोपीनाथ मैनाली**

काठमाडौँ, १८ वैशाख (रासस) ।

नेपाल अवस्थिति र श्रम (लोकशेन एण्ड लेवर) का आधारमा मात्र होइन, प्राकृतिक स्रोतको उपलब्धताका कारण पनि लगानी गन्तव्य मुलुक हो । उदारीकरणको नीतिले निजी क्षेत्रको लगानीलाई नीतिगत संरक्षण पनि प्रदान गरेको छ । लगानी बोर्ड नेपाल, सार्वजनिक निजी साझेदारी, औद्योगिक लगानी प्रवर्द्धन केन्द्र जस्ता संरचनाले पनि लगानी आकर्षणका लागि बाटो देखाएका छन् ।

सरकार लगानीको वातावरण बनाउन लागि परेको छ र सहुलियतका प्याकेजहरूको घोषणा पनि गरिरहेको छ । पटकपटक लगानी सम्मलेलन गरेर नेपालमा लगानीका लागि उपयुक्त वातावरण छ भन्ने सन्देश दिइएको छ । लगानी सम्मेलनमा सरकार प्रतिपक्ष, व्यवसायीहरू, नीति निर्माता र विकास साझेदारहरूको एकसाथको उपस्थितिले लगानी प्रवर्द्धन गर्न राष्ट्रिय सहमति छ भन्ने सन्देश दिइँदै आएको छ ।

नीति वातावरण र सहुलियतको घोषणाका बाबजुद उद्योग व्यवसायमा खासै लगानी भएको छैन । बाह्य मात्र होइन, आन्तरिक लगानी पनि त्यति भएको छैन । आफ्नो पूजी लगानी गर्ने संस्था वा व्यक्तिले धेरै कुराहरू विचार गरेर मात्र लगानी गर्दछन् । यसर्थ नीतिगत र व्यावहारिक दुवै कुरा उत्तिकै महत्वपूर्ण छन् । नेपालमा यी दुवै पक्ष सुधारको पखाईमा छन् । लगानी परियोजनालाई प्रभाव पार्ने प्रमुख कारकमध्ये एक जग्गा प्राप्तिको समस्या हो । विभिन्न कारणले जग्गा जमिनमाथि चाप बढ्दै गयो, विकास गतिविधि बढ्दै गयो, वातावरणीय जोखिमहरू पनि बढ्दै गए, विकास गतिविधिका कारण मानव जोखिम पनि बढ्दै गयो, जग्गाको मूल्य पनि बढ्दै गयो । भूमिमाथि सामाजिक र राजनैतिक रूपमा संवेदनशीलता पनि बढ्दै गयो र यसले आयोजना व्यवस्थापनमा जटिलता थपिदियो । जग्गा प्राप्तिको प्रक्रियामा रहेका यी जटिलताले निजी क्षेत्रको लगानीमा जोखिम देखियो, प्रभावितको पुनर्वास तथा पुनर्स्थापनामा समस्या देखियो, एकीकृत नीति तथा अभ्यासको अभाव रह्यो । लगानीकर्ताबाट जति पनि क्षतिपूर्ति लिन हुन्छ भन्ने प्रवृत्ति बढ्न गयो ।

लगानीमैत्री वातावरणका लागि चाहिने नीतिप्रति पनि लगानीकर्ता त्यति आश्वस्त भएनन् । उदारीकरणको नीति परिवेश छ तर समाजवाद उन्मुख अर्थतन्त्रको उल्लेख संविधानमा गरिएको छ । समाजवाद भनेको के भन्न खोजिएको भन्ने प्रष्ट पारिएको छैन । केही ठूला राजनैतिक दलहरूको चुनावी घोषणापत्र र दस्तावेजमा उदारवादी लोकतन्त्रलाई उपयोग गरेर समाजवादको गन्तव्यमा पुग्ने भनिएको छ । सरकार बदलिएपछि नीति उही रहे पनि नीति व्यवहारमा आउने परिवर्तन, नीतिप्रतिको सामाजिक र राजनीतिक सम्मति, पूजी फिर्ता र नाफा फिर्ता लैजाने विधिमा जटिलता, नियमन र प्रोत्साहनबीचको असन्तुलन जस्ता पक्षबाट पनि उद्यमीहरू मनोवैज्ञानिक रूपमा उत्साहित देखिएका छैनन् ।

नेपालको पूँजी बजार साँघुरो छ । बैंकहरू न्यून क्षमता छन् । ठूला परियाजनामा लगानी गर्ने क्षमतामा छैनन् । अर्थतन्त्रमा पूजी निर्माणको प्रकृति सुस्त छ । वीमा तथा क्षतिपूर्तिका जटिलता, बाह्य पूँजी र आन्तरिक पूँजीको परिपूरण अभाव पनि देखिदै आएको छ । अर्को जटिलता श्रम सम्बन्धले पनि देखाउने गरेको छ । बेरोजगारीका कारण श्रम सस्तो पनि छ । तर श्रम कानून र लगानी कानूनबीच द्वन्द्व, श्रमिकहरूमा रहेको राजनैतिक संरक्षण, सीपयुक्त श्रमको अभाव, श्रमिक र लगानीकर्ताबीच बुझाइको अन्तरले लगानीमैत्री वातावरण बनाउन विगतदेखि समस्या पार्दै आएको छ ।

लगानीको उत्प्रेरक पूर्वाधार हो भने उत्पादित बस्तुको सहज संरक्षण र वितरणमा पनि भौतिक पूर्वाधारले आधारको रूपमा काम गर्दछ । तर भौतिक पूर्वाधार, सुरक्षा, सञ्चार, गोदाम व्यवस्था, क्लीयरिङ् जस्ता कार्य अझै भरपर्दा छैनन् । लगानीले स्वागतमुखी संस्कृतिको माग गर्दछ । भारतको पश्चिम बङ्गालमा स्वागतमुखी व्यवहार भएन तर गुजरातमा त्यहाको राज्य सरकारले अनुकूल व्यवहार गर्‍यो, उद्योग कारखाना त्यतै हानिए । यसबाट पनि नेपालले शिक्षा लिन सक्छ । स्वागतमुखी कार्य संस्कृति विथोल्ने कारकमा आन्तरिक कुशासन, कार्यविधिगत जटिलता, प्रशासनिक ह्यासल, सहुलियत लिनमा कठिनाइ, चन्दा उपहार, प्रदर्शन प्रभावको अभाव, सम्भावनाको प्रचारप्रसार, आन्तरिक उद्यमीप्रति संरक्षण गर्ने प्रवृत्ति, वातावरण प्रभाव मूल्यांकनमा लाग्ने लामो समय आदि हुन् ।

कमजोर सुशासनका कारण लगानीकर्ताहरू आफ्नो पूजी तथा प्रयासलाई उपयोग गर्न अभिप्रेरित छैनन् । अनावश्यक झ्याउलो र अतिरिक्त लागत ब्यहोर्न पूँजी डराउँछ । त्यसैले सरकारले पटकपटक आयोजना गरेको लगानी सम्मेलनमा लगानी गर्न इच्छुक रहेको जस्ता कुटनैतिक भाषा प्रयोग गर्छन्, तर लगानी गर्न इच्छुक छैनन् । पछिल्लो समय मुलकमा भएका संस्थागत बेथितिले राम्रो सन्देश गएको छैन । नेपालको छवि बाहिर राम्रो देखाउने काम भएको छैन ।

नेपालका निजी क्षेत्रका घरानाहरूले बाह्य लगानीकर्तासँग सहकार्य गर्ने क्षमता देखाएका छैनन् । बाह्य संस्था तथा व्यक्तिगत लगानीकर्तासँग नेपालका ठूला भनिएका घारानाहरूले उत्पादन, व्यापार तथा प्रविधिमा साझेदारी त्यति गरेका छैनन् । यसले आन्तरिक उद्यमी नै उत्साही छैनन् भन्ने सन्देश बाहिर गएको छ । साथै दुई छिमेकी मुलुकहरूबीचको उतारचढावपूर्ण राजनैतिक र कुटनैतिक अवस्थाले पनि व्यापारलाई प्रतिकूल प्रभाव पारिरहेको छ ।

नेपालले निकै उत्साहका साथ आयोजना गरेको लगानी सम्मेलन सकिएको छ । लगानी अनुकूल वातावरण बनाउनका लागि सरकारले छोटो बाटोबाट केही कानूनहरू संशोधन गर्ने अध्यादृश जारी गरेको छ । लगानीमा बाधक ठानिएका प्रावधानहरू हटाउन भूमि सँबन्धी ऐन, जग्गा प्राप्ति ऐन, विद्युतीय कारोवार ऐन, विशेष आर्थिक क्षेत्र ऐन, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, सार्वजनिक निजी साझेदारी ऐन, वन ऐन र औद्योगिक व्यवसाय ऐनलाई लषनी सम्म्लेनको उद्घाटनकै समयमा संशोधन अध्यादेश जारी गरी हामी लगानीको वातावरण बनाउन तयार छौं भन्ने सन्देश दिइएको छ । सम्मेलनको तयारी र सोकेश आयोजनामा जे जस्तो स्थिति रहे पनि राजनैतिक सहमति कायम गर्ने सरकारको प्रतिवद्धता पनि देखिएको छ । यसले सकारात्मक सन्देश दिएको छ ।

सम्मेलनको आयोजना एउटा घटनाका रूपमा मात्र रहे यो पनि विगतका सम्मेलनकै निरन्तरतामा देखिने छ । सम्मेलनमा व्यक्त भएका कुराहरू र लगानीकर्ताको मनोभावनालाई समेत ध्यानमा राखेर सरकार तथा लगानी बोर्ड नेपालले गर्नुपर्ने काम अब शुरु भएको छ । नीति संरचना मात्र परिवर्तन गरर पदैन, यसका लागि सरकारले गर्नुपर्ने कामको शुरुआत लगानी वातावरणको पहिलो शर्त हो । जस्तो कि जग्गा प्राप्तिलाई लगानीको प्याकेजमा नै समावेश गर्ने (विस्थापन न्यूनीकरण, जीविकोपार्जन, पुनर्वास योजना कार्यान्वयन, उचित मुआब्जा र क्षतिपूर्ति अभ्यास गर्नुपर्छ । लगानीकर्ता पूजी र प्रविधिमात्र लिएर आउँछ, अन्य कुरा लगानी गन्तव्य मुलुकले गर्नु पर्दछ ।

*बाँकी तीन पृष्ठमा*


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**डाक्नेश्वरी नगरपालिका, सप्तरी**

# बाल पोषण भत्ता र दिवा खाजा कार्यक्रम विस्तार गरिने

काठमाडौँ, १८ वैशाख (रासस)।
महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री भगवती चौधरीले बाल पोषण भत्ता र दिवा खाजा कार्यक्रम विस्तार गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।

सामाजिक सुरक्षा नागरिक समाज सञ्जालले मंगलबार यहाँ आयोजना गरेको 'नेपालमा सामाजिक सुरक्षा र बाल अनुदान' विषयक नीतिगत बहस कार्यक्रममा मन्त्री चौधरीले सरकारले नीतिगतरूपमा नै सामाजिक सुरक्षाको विषयमा केही महत्वपूर्ण व्यवस्था गरी काम गरिरहेको जानकारी दिनुभयो। नेपालको संविधान २०७२ को धारा ४३ मा सामाजिक सुरक्षालाई नागरिकको अधिकारको रूपमा स्थापित गरेको उल्लेख गर्दै उहाँले नेपालभरका दलित परिवारका पाँच वर्ष मुनिका बालबालिका र मानव गरिबी सूचाङ्क कमजोर भएका २५ जिल्लामा मासिक रु पाँच सय ३२ का दरले बाल पोषण भत्ता वितरण गर्दै आएको छ।

प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति अम्बरबहादुर थापा, कानुन, न्याय तथा मानव अधिकार समितिका सभापति विमला सुवेदी, नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सचेतक सुनिता बराल, सांसदलगायत सहभागी कार्यक्रममा मन्त्री चौधरीले ती व्यवस्था सबै जनताको पहुँचमा भने पुग्न नसकेको उल्लेख गर्दै तिनलाई जनताको पहुँचमा लैजान सरकार कटिबद्ध रहेको स्पष्ट गर्नुभयो।

बालबालिकाका सन्दर्भमा सरकारले सबै बालबालिकालाई विद्यालयसम्म पुऱ्याउन कक्षा पाँचसम्म दिवा खाजा कार्यक्रम सञ्चालन गरिरहेको उल्लेख गर्दै मन्त्री चौधरीले उक्त कार्यक्रमलाई क्रमशः माध्यमिक तहसम्म नै लैजाने विषयमा सरकार सकारात्मक र प्रतिबद्ध रहेको बताउनुभयो।

"लामो समयदेखि सरकारले सामाजिक सुरक्षा भत्ता कार्यक्रम सञ्चालन गर्दै आएको छ। यद्यपि यस विषयमा अझै बढाउनुपर्ने आवश्यकता छ", मन्त्री चौधरीले भन्नुभयो, "बाल पोषण भत्ता र दिवा खाजा कार्यक्रम विस्तार गर्न सरकार प्रतिबद्ध छ। यस विषयमा नेपाल सरकार सामाजिक सुरक्षा सबैको पहुँचमा लैजान प्रतिबद्ध छ।"

संविधान, नीति, कानून, कार्यविधि, संरचना, दिगो विकासका लक्ष्य एवं ८७ भन्दा बढी सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रम १३ सङ्घीय मन्त्रालयबाट सञ्चालित हुँदै आएको उहाँले बताउनुभयो। स्थानीय निकायले काम गर्दा बालबालिकाको क्षेत्र, महिलाको क्षेत्र, अपाङ्गता विशेषगरी आर्थिक रूपले पछाडि परेका, भूमिहीन, सकुम्वासीको तथ्याङ्का लागि मापदण्ड बनाउनुपर्ने मा जोड दिनुभयो।

हालसम्म दलित र अन्य बालबालिका गरी करिब ११ लाख बालबालिकाले बाल पोषण भत्ता पाइरहेको भन्दै उक्त कार्यक्रम विस्तार गर्ने सन्दर्भमा सरकार गम्भीर र प्रतिबद्ध भएर लागेको समेत स्पष्ट पार्नुभयो। महिला मन्त्रालय ज्येष्ठ नागरिक, एकल महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति लगायतको संरक्षणमा क्रियाशील रहेको मन्त्री चौधरीले बताउनुभयो।

नेपालमा सामाजिक सहायताअन्तर्गत भत्ता वितरण, योगदानमा आधारित पेन्सन वितरण तथा सीप विकास तथा रोजगार प्रवर्द्धन अन्तर्गत तालिम, प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन हुँदै आएको उहाँले बताउनुभयो। मन्त्री चौधरीले भन्नुभयो, "अहिलेसम्म सञ्चालनमा आएका कार्यक्रम छरिएको अवस्था छ। त्यस्तै दोहोरोपनाको समस्या पनि छ। आवश्यकता पहिचान नहुने तथा त्यसको अभिलेखीकरणको अभाव छ। यी सबै कुरालाई समाधान गर्दै अगाडि बढ्नुपर्ने अवस्था छ।"

श्रोतको दिगोपनाको जटिलता बढेको उल्लेख गर्दै मन्त्री चौधरीले बजेटको सीमिततताका कारण खर्च धान्न गाह्रो भए पनि त्यसका विकल्पबारे बहस न्यून भएको बताउनुभयो। अन्य उपायको खोजी गर्न आवश्यक रहेको उहाँको भनाइ थियो। स्वास्थ्यमा सबै नागरिकको पहुँच पुऱ्याउन तथा विशेष गरी बालबालिकाको स्वास्थ्य बीमाको सन्दर्भमा सरकार संवेदनशील रहेको समेत मन्त्री चौधरीले बताउनुभयो।

बालबालिकालाई उचित स्याहारसुसार गर्ने र अभिभावक तथा बालबालिकाबीचको सम्बन्धलाई बलियो बनाउन सकारात्मक वातावरण सिर्जना गर्नु आजको आवश्यक भएकाले त्यसका लागि अभिभावक सचेतना कार्यक्रमलाई पनि सँगसँगै लैजान आवश्यक रहेको उहाँले बताउनुभयो।

### लगानी सम्मेलन र...

नीति स्थिरताको सुनिश्चितताका लागि राजनैतिक दलहरूबीचको सहमति, संविधानको व्याख्या, नीति प्रावधान कार्यान्वयनको प्रतिवद्धता, निरन्तर सहजीकरण र समीक्षाको परिपाटी बसाल्नु पर्दछ। पूँजी बजार विस्तारका लागि अर्थमन्त्रालयको अगुवाईमा बैंक, बीमा, मौद्रिक नीति, सहयोग, सरकार-उद्यमी वित्त सहकार्य, सरकारी जमानत, वित्त कन्सोर्टियम आदिको व्यवस्थापन गरिनु पर्दछ। लगानी बोर्डले सरकारका निकायहरूसँग समन्वय गरी श्रम सम्बन्ध सहभावीकरण, श्रमिक अभिमुखीकरण, पूर्वाधार सुनिश्चित जस्ता कार्य निरन्तर गनुएको विकल्प छैन।

स्वागत संस्कृति विकासका लागि कार्यव्यवहार परिवर्तन गर्नुपर्दछ। विमानस्थल नेपाल हेर्ने ऐना हो, विमानस्थलदेखि नै मीठो सेवा, प्रशासनिक कार्यसंस्कृति परिवर्तन, एकल विन्दु सेवा, प्रदर्शन आयोजना विकास, प्रमुख निर्णयमा समय किटानी, प्रशासनमाथि नियमन, लगानी सहकार्य आयोजना, आयोजना विकास, आय प्रत्याभूति, सम्भाव्यता न्यूनपूर्ति कोषको व्यवस्था जोखिम सहकार्य, डायस्पोरा परिचालन र प्रचारप्रसारले स्वागत संस्कृति निर्माणमा सहयोग पुग्दछ। कर प्रशासन र सम्बद्ध कर्मचारीको व्यवहार व्यावसायिक दाचारमा रहनुपर्दछ।

नेपाल पोलिसी इन्स्टिच्यूट, गैरआवासीय नेपाली समाजलगायत विश्वभरि छरिएर रहेका नेपाली डायस्पोरा र विभिन्न काममा रहेका नेपालीहरूको विश्वास जिती उनीहरूलाई परिचालन गर्ने जनस्तरको कुटनीति लिनुपर्छ। यसले बाह्य समाजमा नेपालको पहिचान र सम्बन्ध विकासमा ठूलो योगदान गर्नसक्छ। साथै छानिएका क्षेत्रमा नेपाली उद्यमी र बहराष्ट्रिय संस्थासँग सहकार्य गरी नेपाली वस्तु तथा सेवाको विश्वव्यापी मूल्यसिक्रीमा आवद्ध हुने काम तत्काल गर्नु पर्दछ। यी काम ढिलो होइन, आक्रामक रूपमा तत्काल गर्नु पर्छ। किनकी अभियानका रूपमा सञ्चालन गर्नुपर्ने कामको समय र गति पक्डिन सकिएन भने त्यसले हाम्रो अर्थतन्त्रलाई छाडेर जान्छ। *(लेखक नेपाल सरकारका पूर्वसचिव हुनुहुन्छ)*

### काठमाडौँमा ..

पुऱ्याउनुका साथै दम, क्यान्सर आदिको जोखिम पनि बढाउँछ। वायु प्रदुषणले गर्दा कम तौल भएको बच्चा जन्मने र अवधि नपुग्दै बच्चा जन्मने जोखिमसमेत हुन्छ," प्रवक्ता बुढाथोकीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। नेपालमा वायु प्रदुषणबाट बर्सेनि हुने मृत्युमा बढीजसो पाँचवर्ष मुनिका बालबालिका, गर्भवती, दीर्घ रोगी र वृद्धवृद्धा बढी छन्। यसले नेपालीको औसत आयु चार दशमलव एक प्रतिशतले घटाएको तथ्याङ्क छ।

नेपालमा रुग्णता तथा मृत्युको प्रमुख कारणमा वायु प्रदुषण प्रमुख रहेको विविध तथ्य र अनुसन्धानले देखाएको प्रवक्ता बुढाथोकी बताउनुहुन्छ। गर्मी समयमा तराईमा तातो हावा बहने र लू लाग्ने उच्च सम्भावना भएको हुँदा तातो हावा लागेको समयमा अनावश्यक बाहिर हिँडडुल नगर्न तथा झोलिलो पदार्थ पर्याप्त मात्रामा सेवन गर्न गराउनु हुन मन्त्रालयले अनुरोध गरेको छ। गर्मी बढेसँगै देशभरका अस्पताल र स्वास्थ्य संस्थामा बिरामीको चाप बढेको मन्त्रालयले जनाएको छ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता
छिन्नमस्ता गाउँपालिका, सप्तरी


## विश्व समाचार

### कोलम्बिया सेनाको हेलिकप्टर दुर्घटना हुँदा नौ सैनिकको मृत्यु

बोगोटा, १८ वैशाख (रासस/सिन्ह्वा)।
उत्तरी कोलम्बियामा सैनिकहरुलाई आपूर्ति गरेर फर्कने क्रममा सोमबार सेनाको हेलिकप्टर दुर्घटना हुँदा त्यसमा सवार नौ सैनिकको मृत्यु भएको कोलम्बियाको राष्ट्रिय सेनाले जनाएको छ।

हेलिकप्टरको दिउँसो बेससँग सम्पर्कविच्छेद भएको र खोजी गर्ने क्रममा बोलिभर विभागको सान्ता रोजा नगरपालिका नजिकै दुर्घटनाग्रस्त भएको भेटिएको सेनाले विज्ञप्तिमा बताएको छ।

कोलम्बियाका राष्ट्रपति गुस्ताभो पेट्रोले सामाजिक सञ्जालमा यस दुःखद घटनाप्रति खेद व्यक्त गर्दै सेनाले खाडी क्लान विरुद्ध कारबाही गरिरहेको बताउनुभयो। गल्फ क्लानलाई कोलम्बियामा लागूऔषध ओसारपसार र हत्याको आरोपमा आपराधिक समूहका रूपमा चिनिन्छ।

### जि-७ मुलुक सन् २०३० मा चरणबद्धरूपमा समाप्त गर्न प्रतिबद्ध

रोम, १८ वैशाख (रासस/सिन्ह्वा)।
जि-७ का मुलुकहरू सन् २०३० को पहिलो छ महिनामा कोइलालाई चरणबद्ध रूपमा हटाउने प्रतिबद्धता व्यक्त गर्न तयार रहेको स्थानीय सञ्चारमाध्यमले सोमबार रिपोर्ट गरेका छन्।

हाल इटालेली सहर टुरिनमा दुई दिने बैठकका लागि भेला भएका जी-७ मन्त्रीहरूले जलवायु, ऊर्जा र वातावरणका विषयमा छलफल गरिरहेका छन्।

सन् २०३० र सन् २०३५ को बीचमा ऊर्जाको स्रोतका रूपमा कोइला हटाउने मिति तय गर्नमा ध्यान केन्द्रित गर्दै उहाँहरूले मङ्गलबार आफ्नो प्रतिज्ञालाई अन्तिम रूप दिने अपेक्षा गरिएको इटालेली क्लास सिएनबिसीले रिपोर्ट गरेको छ।

बेलायतका ऊर्जामन्त्री एन्ड्र्यु बोवीले भन्नुभयो, "हामीसँग सन २०३० को पहिलो छ महिनामा कोइलालाई चरणबद्ध गर्ने सम्झौता भएको छ।"

जि-७ मा क्यानाडा, संयुक्त राज्य अमेरिका, फ्रान्स, जर्मनी, इटाली, संयुक्त अधिराज्य र जापान समावेश छन्। बैठकहरूमा सामान्यतया युरोपेली सङ्घ (इयु) का शीर्ष अधिकारीहरू उपस्थित हुन्छन्। क्लाइमेट एनालिटिक्सको हालैको प्रतिवेदनले यीमध्ये कुनै पनि देशले सन् २०३० का लागि आफ्नो विद्यमान उत्सर्जन लक्ष्यहरू पूरा मार्गमा नभएको बताएको छ।

### बङ्गलादेशद्वारा हतियार प्रणालीमा एआई लागू नगर्न आह्वान

ढाका, १८ वैशाख (रासस/सिन्ह्वा)।
बङ्गलादेशका विदेशमन्त्री हसन महमुदले हतियार प्रणालीमा आर्टिफिसियल इन्टेलिजेन्स (एआई) लागू नगर्न अन्तर्राष्ट्रिय समुदायलाई आग्रह गर्नुभएको छ।

उहाँले कृषि, चिकित्सा विज्ञान, अन्तरिक्ष अन्वेषण, जलवायु परिवर्तन र रोजगारी सृजनाका क्षेत्रमा एआई प्रयोग गर्न आग्रह गर्नुभयो।

हसनले सोमबार भियनामा आयोजित 'ह्युम्यानिटी एट द क्रसरोड : अटोनोमस वेपन्स सिस्टम्स एन्ड द च्यालेन्ज अफ रेगुलेसन' शीर्षकको अन्तर्राष्ट्रिय सम्मेलनमा उक्त धारणा राख्नुभएको विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

विदेशमन्त्रीले स्वायत्त हतियार प्रणालीलाई प्रभावकारीरूपमा नियमन गर्न विश्वव्यापी मापदण्डहरू तय गर्न पनि सुझाव दिनुभयो। साथै मानवताको हितका लागि स्वायत्त हतियारलगायत कुनै पनि नयाँ हतियार त्याग्न सबैलाई आग्रह गर्नुभयो।

गाजाको अनिश्चित अवस्थामाथि प्रकाश पार्दै उहाँले अन्तर्राष्ट्रिय समुदायलाई द्वन्द्व र तनावको नयाँ मोर्चा खोल्न चेतावनी पनि दिनुभयो।

### अफगान मस्जिदमा बन्दुक आक्रमणमा छ जनाको मृत्यु

काबुल, १८ वैशाख (रासस/एएफपी)।
पश्चिमी अफगानिस्तानमा बन्दुकधारीले एक मस्जिदमा आक्रमण गर्दा छ जनाको मृत्यु भएको सरकारका एक प्रवक्ताले मङ्गलबार बताएका छन्।

गृह मन्त्रालयका प्रवक्ता अब्दुल मतिन कानीले सोमबार राति करिब नौ बजे हेरात प्रान्तको गजुरा जिल्लामा 'एक अज्ञात हतियारधारीले मस्जिदमा नागरिक उपासकहरूमाथि गोली चलाएको' बताउनुभयो। "छ नागरिक सहिद भए र एक जना घाइते भएका छन्", मङ्गलबार बिहान उहाँले सामाजिक सञ्जाल एक्समा लेख्नुभयो।

सरकारी बख्तर समाचार एजेन्सीले आक्रमणमा मर्नेहरूको सङ्ख्या त्यति नै भएको उल्लेख गरेको छ। घटना प्रान्तीय राजधानी हेरात सहरको दक्षिणमा रहेको एक जिल्लामा भएको थियो।

अहिलेसम्म कुनै पनि समूहले आक्रमणको दाबी नगरे पनि विश्लेषकहरूले इस्लामिक स्टेटको क्षेत्रीय अध्याय अफगानिस्तानमा सबैभन्दा ठूलो सुरक्षा खतरा रहेको बताएका छन्।

# महिला क्रिकेट बिकासका लागि जिल्ला क्रिकेट प्रतियोगिता सुरू



**दैनिक समाचारदाता**
**राजविराज, १८ बैशाख ।**

महिला क्रिकेट खेलाडी उत्पादन र बिकासका लागि राजबिराजमा चार दिवसिय जिल्ला स्तरिय महिला क्रिकेट प्रतियोगिताको मंगलबारदेखी सुरु भएको छ ।

उद्घाटन खेलामा मोरङले सप्तरी महिला टिमलाई पराजित गरेको छ । मोरंग महिला क्रिकेट टिमले सप्तरी महिला क्रिकेट टिमलाई १ सय ५ रनले को फराकिलो अन्तरले पराजित गरेका हो ।

मोरंगले दिएको १ सय ७६ रनको योगफललाई पछयाउने क्रममा सप्तरीले ७१ रन मात्र बनाएपछि मोरंग १ सय ५ रनले बिजयी भएको हो । टस जितेर मोरंगले निर्धारित २० ओभरमा ९ बिकेटको क्षतिमा १ सय ७६ रनको योगफल खडा गरेको थियो । जसमा काजल राजबंशीले २३ रन, सोनु राजबंशी २२ रन र पुर्णिमा राजबंशी २० रन बनाएका थिए ।

प्रतिउत्तरमा सप्तरीले १८ ओभर १ बलमा ७१ रन मात्र बनाएका थिए । जसमा साक्षी यादबले १९ रन, दिपा रामले १६ रन बाहेक कुनै खेलाडी दोहोर अंक पार गर्न सकेन । प्लेयर अफ म्याच मोरङकी सानू राजबंशी घोषित भएको सबल नेपालका कार्यक्रम संयोजक आशिष गुप्ताले जानकारी दिए ।

मंगलवार स्थानिय पवि माविको खेल मैदानमा एमसिसी फाउन्डेशन तथा क्रिकेट वीइथ वाउन्ड्रिज सँगको साझेदारीमा सबल नेपालद्वारा संचालित क्रिकेट फोर ईक्युलिटी परियोजना अन्तर्गत जिल्ला स्तरिय महिला क्रिकेट चार दिवसिय प्रतियोगिताको आयोजना गरिएको हो ।

प्रतियोगिताको मंगलवार एक कार्यक्रम बिच राजबिराज नगरपालिका कार्यवाहक नगर प्रमुख ईसरत परविन र सबल नेपालका सिनियर म्यानेजर असोक साहले बलिङ र सप्तरी क्रिकेट संघका सचिव चन्दन यादवले किपिङ गर्दै खेलको उदघाटन गरेका थिए ।

# प्रहरीद्वारा आगलागीसम्बन्धी १२ बुँदे अनुरोध सार्वजनिक

काठमाडौँ, १८ वैशाख (रासस) ।

सुक्खा समयमा आगलागी भई जनधनको ठूलो क्षति हुने गरेको स्मरण गराउँदै काठमाडौँ उपत्यका प्रहरी कार्यालयले सर्वसाधारणमा १२ बुँदे अनुरोध सार्वजनिक गरेको छ ।

चैत, वैशाख र जेठ महिनामा सुख्खा मौसम हुने, हावाहुरी चल्ने, घर, पसल, कार्यालय र वनलगायत विगतका वर्षमा धेरै जनधनको क्षति भएकाले त्यसतर्फ नागरिकलाई सावधानी अपनाउनका लागि सार्वजनिक अपिल गरिएको काठमाडौँ उपत्यका प्रहरी कार्यालयका प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक दीपक थापाले बताउनुभयो । उपत्यका प्रहरीले आगो उत्पन्न हुने सलाइ, लाइटर, ग्यास सिलिन्डर र चुल्हो बालबालिकाबाट टाढै राख्न, होसियारीपूर्वक प्रयोग गर्न तथा काम सकिएपछि सुरक्षितस्थानमा राख्न पनि अनुरोध गरेको छ ।

प्रहरीले विद्युत्जन्य सामग्री ( हिटर, गिजर, पङ्खा, आइरन, एसीआदि) लाई काम सकिएपछि बन्द गर्न, एउटा पावर सकेटबाट धेरै पावर चाहिने उपकरण प्रयोग नगर्न, घरमा आगो निभाउने उपकरण राखी परिवारका सदस्यहरूलाई प्रयोग गर्ने तरिका सिकाउन, पूजा कोठामा सिन्के र बाटेको धूप, भान्सामा कोइला, लामखुट्टे भगाउन क्वाइल बालेर छाड्नेजस्ता कार्य नगर्न अनुरोध गरेको छ ।

यस्तै, आगालागी वा धुवाँ भएको स्थानबाट बाहिर निस्कनुपर्दा घोप्टो परेर निस्कन, ग्यास सिलिन्डरमा आगो लागेमा जुटको बोरा वा ब्ल्याङ्केटले सिलिन्डरलाई घ्वाप्प छोप्न र ग्यास चुल्हो बाल्नु अगाडि भान्साको झ्याल, ढोका खोली ग्यास लिक भए, नभएको यकिन गरेर मात्र प्रयोग गर्न पनि प्रहरीले आग्रह गरेको छ । गाईवस्तु चरणका निम्ति राम्रो हुन्छ भनी वनमा डढेलो लगाउने कार्य नगर्न, वनमा पिकनिक गर्दा बालेको आगो र गाईबाख्रा चराउन जाँदा चुरोटका ठुटा पूर्णरूपमा निभाउन पनि प्रहरीले सचेत गराएको छ । प्रहरीले आगालागी भएको जानकारी हुनासाथ प्रहरी कन्ट्रोल १०० र दमकल सेवा १०१ मा जानकारी गराउन अनुरोध गर्दै आगालागी भएमा आफूलाई बचाएर अरूलाई जोगाउन भनेको छ । त्यस्ता विपद्जन्य घटना हुन नदिन र भई हालेमा पनि कमभन्दा कम क्षतिमा नियन्त्रणका लागि नेपाल प्रहरी प्रयासरत रहेको जानकारी गराउँदै एआइजी थापाले उक्त कार्यमा जनस्तरबाटै उच्चस्तरको सहयोगको अपेक्षा पनि राखेको बताउनुभयो ।


भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।

Wisdom School
Rajbiraj 2, (Near Rajdevi Mandir)
**Play Group to Class 9**
**"गुणस्तरिय शिक्षा हाम्रो प्रतिबद्धता"**

**हाम्रो विशेषताहरु**

- दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाबाट पठनपाठन गराइन्छ ।
- कम्प्युटर ल्याबको व्यवस्था भएको ।
- विज्ञान प्रयोगशालाको व्यवस्था भएको ।
- CC Camera को निगरानीमा पठनपाठन गराइन्छ ।
- Monthly Test को व्यवस्था भएको ।

**सम्पर्क फोन नं. ०३१-५९०१९२**
**मोवाइल नं. ९८१२०२२१३५ (प्रिन्सिपल)**
**मो. नं. ९८०४७२६१९२, ९८४२८२३२७१**


## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**
**डाक्नेश्वरी नगरपालिका, सप्तरी**


## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**

**छिन्नमस्ता गाउँपालिका, सप्तरी**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*